(३) उपदफा (२) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएको मन्त्रीलाई अनुसूची-१ बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि फर्निचरको व्यवस्था प्रदेश सरकारको निर्णय अनुसार हुनेछ।

(६) उपदफा (१)र(२) बमोजिम बन्दोबस्त भएको घरको कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ ।

(७) उपदफा (३) बमोजिमको आवासको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ।

(८) यस दफा बमोजिमको आवास सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउने छन्।

५. **सवारी तथा इन्धन सुविधाः** (१) मुख्यमन्त्रीलाई सवारीको लागि चालक सहित मोटर थान दुई तथा मन्त्रीलाई सवारीको लागि चालक सहितको मोटर थान एक र अनुसुची -१ बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइने छ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटर प्रयोग नगरी आफ्नो निजी मोटर प्रयोग गर्ने मुख्यमन्त्री र मन्त्रीलाई नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अंक बराबरको रकम र उपदफा (१) बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउने छ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त प्रदेश सरकारले गर्ने छ।

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भरपाई बुझाउनु पर्ने छैन।

(५) यस दफा बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउने छन्।

६. <u>विजुली, धारा र सञ्चार सुविधाः</u> (१) मुख्यमन्त्री र मन्त्रीको आवासमा इन्टरनेट सहितको एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम प्रदेश सरकारले व्यहोर्नेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई विजुली, धारा, इन्टरनेट टेलिफोनको महसुल र पत्रपत्रिका बापत अनुसूची -१ बमोजिमको रकम दिइने छ ।

७. <u>उपचार सुविधाः</u> (१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइने छ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधी उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(३) मुख्यमन्त्री र मन्त्रीको स्वदेशमा उपचार हुन नसकी मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेश सरकारले तोकेको उपचार खर्च पाउनेछन्।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार खर्च बापतको रकम मुख्यमन्त्रीको कार्यालयले मुख्यमन्त्री र मन्त्री भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ ।

८. **दैनिक भ्रमण भत्ता:** (१) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा पाउने दैनिक भ्रमण भत्ता अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछ ।

९. **चाडपर्व खर्च:** (१) मुख्यमन्त्री र मन्त्रीले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

(२) उपदफा (१) बमोजिमको रकम मुख्यमन्त्री र मन्त्रीले एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछन् । यसरी मनाउने चाड पर्वको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउनु पर्दछ ।

१०. **बीमा सुविधा:**मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा दश लाख रुपैंया बराबरको बीमा सुविधा दिइने छ ।

११. **निजी सचिवालयको व्यवस्था:** (१) मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग पुऱ्याउन अनुसूची-२ बमोजिमको

संख्यामा कर्मचारीहरु रहने गरी निजी सचिवालयको व्यवस्था हुनेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई निजको कार्यकालमा निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर र कार्यालय सामानको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(३) उपदफा (२) बमोजिमका फर्निचर तथा स्थायी जिन्सी सामानहरु मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको सात दिनभित्र फिर्ता बुझाउनु पर्ने छ।

१२. <u>अतिथि सत्कार खर्च</u>: (१) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि अतिथि सत्कार बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अतिथि सत्कार खर्चको बिल भौचर बुझाउनु पर्ने छैन।

१३. <u>अङ्ग रक्षक र गार्डको सुविधा</u>: मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१४. <u>शपथ</u>: मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची -३ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१५. <u>सुविधा लागु हुने</u>: मुख्यमन्त्री तथा मन्त्रीले यस ऐन बमोजिम पाउने सुविधा शपथ ग्रहण गरेको मिति देखि पाउनेछन्।

१६. <u>अनुसूचीमा हेरफेर</u>: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्ने छ।

## अनुसूची -१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (३) र (५), दफा ५ को उपदफा (१) दफा ६ को उपदफा (२), दफा ८ र दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

## मुख्यमन्त्री तथा मन्त्रीको सुविधा

| क्र. सं. | सुविधाको प्रकार | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६०,९७०। | ५७,७८०। | ५६,४९० । | ५३,०००। |
| २. | आवास सुविधा | प्रति महिना रुपैयाँ | - | - | आवासको व्यवस्था नहुँदा सम्म रु १८,०००। | १६,०००। |
| ३. | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु | - | - | - | - |
| ४. | सवारी | मोटर (वटा) | २ | १ | १ | १ |
| ५. | सवारी इन्धन | लिटर (मासिक) | ३०० | २५० | २२५ | २०० |
| ६. | मोविल | प्रति मोटर लिटर (त्रैमासिक) | १० | १० | १० | १० |
| ७. | सञ्चार सुविधा | प्रति महिना रुपैयाँ | ३,५००। | ३,४००। | ३,३००। | ३,२००। |
| ८. | धारा, विजुली | प्रति महिना रुपैयाँ | बिल अनुसार | बिल अनुसार | २,५००। | २,५००। |
| ९. | दैनिक तथा भ्रमण भत्ता (स्वदेश) | प्रति दिन रुपैयाँ | ३,०००। | २,५००। | २,५००। | २,५००। |
| १० | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | २२५। | २२५। | २२५। | २२५। |
| ११. | अतिथी सत्कार | प्रति महिना रुपैयाँ | २०,०००। | १५,०००। | १०,०००। | १०,०००। |

द्रष्टव्य: मुख्यमन्त्री र मन्त्रीले विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागि :

१. युरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्युजिल्याण्ड, अमेरिका, क्यानाडा, कुवेत, कोरिया, जापान, हङ्कङ्क, रुस, कतार, जाम्बिया, यू. ए. ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लिखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइने छ ।

२. भारतको चेन्नइ, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता, बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात विताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

३. भ्रमणबाट फर्केको दिनको दैनिक पाउने भत्ता रकमको २५ प्रतिशत रकम मात्र दिइने छ ।

## अनुसूची - २

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

### मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी

| क्र.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प. प्रथम श्रेणी वा सो सरह) | जना | १ | | | |
| २. | स्वकीय अधिकृत (रा.प. द्वितीय श्रेणी वा सो सरह) | जना | १ | १ | १ | १ |
| ३. | स्वकीय अधिकृत (रा.प. तृतिय श्रेणी वा सो सरह) | जना | २ | १ | | |
| ४. | कम्प्युटर अपरेटर | जना | १ | १ | | |
| ५ | प्रशासन सहायक रा.प.अनं प्रथम श्रेणी वा सो सरह) | जना | १ | १ | १ | |
| ६. | कार्यालय सहयोगी (प्रथम स्तर) | जना | २ | १ | १ | १ |
| ७. | सवारी चालक | जना | ३ | २ | १ | १ |
| ८. | कुक | जना | १ | १ | १ | १ |
| ९. | स्वीपर | जना | १ | १ | | |
| १०. | माली | जना | १ | | | |

## अनुसूची (३)

(दफा १४ सँग सम्बन्धित)

### शपथ

म.... ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश नं..... को............. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :

नाम :

दस्तखत:

**प्रमाणीकरण मिति : २०७५।०३।१७**

आज्ञाले,<br>
जगदीश रेग्मी<br>
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३